**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**
**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०७७।०२।०५ गते)**

आ.व. ०७६/०७७ का लागि यस कार्यालयलाई आवश्यक पर्ने औषधि तथा सर्जिकल सामान सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नु पर्ने भएकाले सम्बन्धित निकायमा दर्ता भई औषधि तथा सर्जिकल समान सप्लाई सम्बन्धी कार्य गर्न सम्बन्धित संस्थाबाट इजाजत प्राप्त रजिष्टर्ड फर्मबाट आफ्नो नवीकरण सहितको फर्म दर्ताप्रमाणपत्र, मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र तथा करचुक्ता प्रमाणका प्रतिलिपि संलग्न राखि निम्न लिखित शर्तहरुको अधिनमा रही तपशिल अनुसारको सिलबन्दी दरभाउपत्र आह्वानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. सिलबन्दी दरभाउपत्र फाराम सूचना प्रकाशित मितिबाट १५ औं दिन सम्म कार्यालय समय भित्र दरभाउपत्र फारम दस्तुर वापतरु रु.१०००/-बुझाई (पछि फिर्ता नहुने गरी) दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयबाट खरिद गर्न सक्नेछ।

२. खरिद भएका दरभाउपत्र फाराम सूचना प्रकाशित मितिले १६ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ।

३. दर्ता भएका दरभाउपत्रहरु १६ औं दिन, दिनको २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थितिमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन। दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा दरभाउपत्र खरिद र भोलिपल्ट दाखिला गर्ने कार्य हुनेछ।

४. दरभाउपत्रदाताले दरभाउपत्र फाराममा संलग्न विषयहरु अवगत गरी आफुले आपूर्ति गर्न सक्ने दरको अंक र अक्षरमा प्रष्ट संग लेखि लाहाछापले सिलबन्दी गरेको खामको बाहिर पट्टि फर्मको नाम तथा विषय तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाल्पाको नाममा दाखिला गर्नु पर्नेछ। दरभाउपत्रमा माग भएका सबै आईटमको दररेट नलेखी वा अपुरो दररेट लेखि पेश गरेमा उक्त दरभाउपत्र रद्द गरिने छ।

५. दरभाउपत्र फाराममा भ्याट बाहेकको इकाई दररेट अंक र अक्षरमा लेख्नु पर्नेछ। दररेट अंक र अक्षरमा फरक भएमा अक्षरको दररेटलाई मान्यता दिईनेछ।

६. दरभाउपत्रदाताले दरभाउपत्र साथ तोकियको धरौटी बापतको रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. ३०३००३०३००००४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले न्यूनतम ७५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त क वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानी पत्र (बिड बण्ड) अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

७. दरभाउपत्र स्वीकृत भएको जानकारी प्राप्त भएपछि दरभाउपत्रदाताले स्वीकृत अंकको ५% ले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा दाखिला गर्नुपर्नेछ वा खरिद सम्झौता देखी लागु हुने गरी १ बर्ष मान्य अबधि रहेको सो रकम बराबरको परफरमेन्स बण्ड पेश गर्नुपर्नेछ।

८. दरभाउपत्र स्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने वा नगर्ने र दरभाउपत्र फाराममा उल्लेखित सामानको परिमाण थपघट गरी आपूर्ति गर्ने / नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९. म्याद नाघी आएको वा रित नपुगेको वा सर्त राखी पेश भएको दरभाउपत्रहरु उपर कुनै कारवाही हुनेछैन।

१०. एउटा फर्म,उत्पादक वा कम्पनीको नामबाट खरिद भएको दरभाउपत्र फाराम अर्को फर्म, उत्पादक वा कम्पनीको नामबाट दाखिला गर्न पाईनेछैन।

११. औषधि खरिद गर्दा स्टोर दाखिला हुने समयमा अठार महिना भन्दा कम प्रयोग हुने अवधि भएको औषधिमा ७५ प्रतिशत र अठार महिना भन्दा बढि प्रयोग हुने औषधिको हकमा अठार महिना प्रयोग अवधि बाँकी रहेको औषधि मात्र स्वीकार गरिने छ। पेश हुने संपुर्ण औषधिको स्टिप वा बोटलमा "नेपाल सरकारबाट निःशूल्क वितरण" भनी लेखिएको हुनुपर्नेछ। औषधी तथा सर्जिकल सामानहरु उत्पादक कम्पनी WHO, ISO, GMP सर्टिफाईड हुनुपर्नेछ।

१२. स्वीकृत दरभाउपत्रदाता संग सम्झौता भई कार्यादेश पाएको मितिले १५ (पन्द्र) दिन भित्र सामान आपूर्ति गरी सक्नुपर्नेछ।

१३. थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको खरिद इकाईमा सम्पर्क राखी बुझ्न सकिनेछ।

१४. अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित कानून बमोजिम हुनेछ।

| सि.नं. | दरभाउपत्र नं. | कामको बिवरण | लागत अनुमान रु. | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | TAN/SQ/G/PLP/ 01-076/077 | औषधि तथा सर्जिकल सामान सप्लाई | १२२८४८६.८७ | ३०७१२.०० | |

प्रमुख प्रशासकीय अधिकृत
तानसेन नगरपालिका
डिल्ली राज बेल्वासे
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner